कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY साप्ताहिक

वर्ष ४ अंक ४२ (संयुक्तांक १९६) ने. सं. ११३५ तछलाथ्व नवमि बुधवाः २०७२ जेठ १३ गते बुधवार (May-27, 2015) पृष्ठ १० मूल्य रु.५/-

## सरकारको नेतृत्वको सवालमा अलग अलगै प्रस्ताव

# कांग्रेसको प्रस्ताव पौडेल, एमाले–माओवादीको ओली

**कीर्तिपुर सन्देश साप्ताहिक**

गत बैशाख १२ गते आएको महाभूकम्प पछि अब नेपालमा राष्ट्रिय सरकार गठन गर्नुपर्छ भन्ने विषयमा प्रमुख राजनीतिक दलहरु वीचमा तिब्र रुपमा छलफल भइरहेको छ।

विशेष गरि नेपाली कांग्रेस, एमाले र एकीकृत माओवादीवीच र आ-आफ्नै पार्टीमा पनि अव सरकारको नेतृत्वको सवालमा समेत तिब्र रुपमा छलफल भइरहेको सूत्रले बताएको छ।

कांग्रेसका एक नेताले दिएको जानकारी अनुसार प्रधानमन्त्री सुशील कोइराला अहिलेको अवस्थामा सकिन्छ भने आफ्नै नेतृत्वमा सरकार बाहिर रहेका एकीकृत माओवादी लगायतका पार्टीहरु पनि सहभागी गराई राष्ट्रिय सरकार गठन गर्ने प्रयासमा हुनुहुन्छ।

यदि आफ्नो यो प्रस्तावलाई प्रमुख प्रतिपक्ष एकीकृत माओवादी र सत्ता साझेदारी दल एमालेले अस्वीकार गरेमा आफ्नै पार्टीका नेता रामचन्द्र पौडेलको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्ने पक्षमा प्रधानमन्त्री कोइराला रहेको थाहा भएको छ।

सोहि अनुसार प्रधानमन्त्री कोइरालाले पार्टी भित्र र सत्ता साझेदारी दलदेखि प्रमुख प्रतिपक्ष दलका नेताहरुसंग समेत छलफल जारी राखेको एक नेताले बताएका छन्। त्यसै गरि सत्ता साझेदारी दल एमाले भने आफ्नै पार्टीका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठन गर्ने पक्षमा रहेको छ। त्यसका लागि प्रमुख प्रतिपक्षी दल एकीकृत माओवादीको पनि साथ चाहिने भएकोले आवश्यक समन्वयको भूमिका अहिले एमालेका बरिष्ठ नेता माधव कुमार नेपालले गरिरहेको छ। यदि ओलीको नेतृत्वमा सरकार गठन गर्न तयार रहेमा एकीकृत माओवादीका बरिष्ठ नेता डा. बाबुरामभ भट्टराईको नेतृत्वमा भुकम्प पीडितहरुलाई राहत दिनका लागि सबै दल सहभागी भएको प्राधिकारण गठन गर्न समेत प्रस्ताव एमालेको तर्फवाट आएको कुरा एकीकृत माओवादीका एक नेताले बताएका छन्।

एमालेको सो प्रस्तावलाई एकीकृत माओवादीले सकारात्मक रुपमा लिएको छ। एमाले र एकीकृत माओवादी वीचको नयाँ समिकरण बनी सरकार गठन गर्ने तयारी भएमा कांग्रेस भने सरकारमा नबसी प्रतिपक्षमा बस्ने तयारीमा रहेको समेत थाहा भएको छ। कांग्रेस र एमालेका मन्त्रीहरु वीच मन्त्रिपरिषद्मा नै विवाद हुने साथै राहतको सवालमा समेत जुन ढंगवाट विवाद भएको भन्ने कुरा सार्वजनिक भइरहेको छ यसको भित्री कारण भनेकै सरकार परिवर्तन र नयाँ नेतृत्वका लागि कांग्रेस, एमाले र एकीकृत माओवादी वीच पछिल्लो समयमा भएका ध्रुविकरणले गर्दा हुन सक्ने अनुमान गर्न थालेको छ।

## पहिचानको मुद्दामा एमाओवादी चुके माओवादी बाहेकको अर्को मोर्चा

कांग्रेस र एमालेसंग एकीकृत माओवादी राष्ट्रिय सरकार गठन गर्नेतिर लागी पहिचानको मुद्दालाई छोड्ने अवस्था आएमा एमाओवादी बाहेकको पहिचानवादी दलहरुको अर्को मोर्चा गठन गर्ने विषयमा विभिन्न राजनीतिक दलका नेताहरुवीच छलफल सुरु भएको छ।

एकीकृत माओवादी राष्ट्रिय सहमतिको नाममा सरकारमा गए पहिचानको मुद्दालाई छाडी स्थानीय निकायको निर्वाचनमा जाने संभावना बढेका कारण एकीकृत माओवादीको नेतृत्वमा रहेको ३० दलीय गठबन्धनमा रहेका राजनीतिक पार्टीहरु वीच सो विषयमा छलफल भइरहेको एक नेताले बताएका छन्।

पहिचानलाई वेवास्ता गरि सरकारमा जान सक्ने दलहरुमा ३० दलिय गठबन्धनभित्र एकीकृत माओवादी र विजय गच्छदारको नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम रहेको समेत नेताहरुले बताएका छन्। यदि ३० दलीय गठबन्धनभित्रका ती दुई दलले पहिचानको मुद्दा छाडेमा ती दुई दल विनाको मोर्चा गठन गर्न पनि आफूहरु तयार रहेको एक नेताले बताएका छन्।

कोरीया रोजगारीको लागी तयारी कक्षाहरु सञ्चालन

समयमै तयारीमा लागौं मेहनतमा भर परौं, भ्रममा नपरौं

तपाईंको मेहनत नै १००% ग्यारेन्टि पास

कोरीयन भाषा

विहान, दिउँसो र साँझ

**विशेषताहरु :**

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा Dictation, Listening & Reading Test र हरेक दिन Class Test र विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य ससससामग्रीहरुको राम्रो व्यवस्था गरिने।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio/visual,Exercise and Question Books को व्यवस्था।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुलाई सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Weekly Model Tests पनि लिइने।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने। त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था।
- EPS-Topic, Skill Test तथा CBT को पनि कक्षाहरु धमाधम सञ्चालन।
- प्रशिक्षकहरु दक्ष, अनुभवी पुस्तक अनुवादक साथै विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल।
- Korea मा पढ्न जान चाहनेहरुको लागि पनि उचित परामर्श साथै Korea जान Tourist Visa को पनि उचित परामर्श र Vocational/Job को बारेमा उचित परामर्श।

Valley Institute Kirtipur

NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

## उद्धारदेखि पुनः निर्माण कार्यमा दलहरु

**गत बैशाख १२ गते आएको महा भुकम्पले नेपालको १४ जिल्ला अति प्रभावित भएको अवस्थामा उद्धार कार्यका लागि सरकार, संघ संस्थादेखि राजनीतिक दलहरु समेत सक्रिय भइरहेको छ ।**

**भुकम्प आउना साथै सुरु सुरुमा विभिन्न संघ संस्थादेखि सरकार समेत राहतका लागि सक्रिय भएको थियो भने पछिल्लो समयमा राजनीतिक दलका नेता र कार्यकर्ताहरु समेत उद्धार कार्यमा सक्रिय भएका छन्।  उद्धार कार्यमा मात्र नभई अव राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु पुनः निर्माण कार्यमा समेत सक्रिय भएको देखिन्छ। विशेष गरि सत्तारुढ दल नेपाली कांग्रेस, एमाले  र प्रमुख प्रतिपक्ष दल एकीकृत माओवादीका, संघीय समाजवादी पार्टीका नेता र कार्यकर्ताहरु गाउँ गाउँमा पुगी घरहरुदेखि सार्वजनिक भवन भग्नावशेष हताउन र पुनः निर्माणमा सक्रिय भएका छन् ।**

**महाभुकम्प पछि राजनीतिक दलहरुले केहि गरेन र अव दलहरु जनताप्रति उत्तरदायी हुन छाडे भनी जनताले भन्न थालेको अवस्थामा राजनीतिक दलका नेताहरुले जनताको भावना बुझी पुनः निर्माण अभियानामा लाग्नु भनेको देश र जनताका लागि राम्रो कुरा हो। राजनीतिक दलहरुको सो कार्यलाई जनताले पनि सकारात्मक रुपमा लिएको छ । आफूहरुसंग भएका युवाहरुलाई नयाँ नेपाल निर्माणमा पनि यसरी नै परिचालन गर्ने हो भने साच्चै देश अगाडी लान सजिलो हुने छ ।**



**सर सफाईमा त्रिविका विद्यार्थीदेखि प्राध्यापकहरुसम्म :** [redacted] आएको महाभूकम्प[redacted] नगरभित्र [redacted] घरहरु भत्कि[redacted]रहेकोले [redacted]र गर्न अप्ठया[redacted]स्थामा [redacted] विभिन्न संघ स[redacted] पार्टीका [redacted]हरुले सहयोग ग[redacted] बुधवार [redacted]लय केन्द्रिय वि[redacted]कल्टिका [redacted]पकहरु समेत [redacted] । सो [redacted] धुसिटोलमा भ[redacted]दै ।

# भुकम्प र मानसिक आघात (Trauma)



**रकि महर्जन**

विपद् भन्नाले व्यक्तिले कल्पना नगरेको, दुखद घटना वा अकल्पनीय घटना जसले धेरै जनालाई एकैपटक घट्ने घटना भन्ने बुझिन्छ । नेपाल अहिले विपद्मा छ । वैशाख १२ गते र २९ गते आएको विनाशकारी भुकम्पले ठूलो धनजनको क्षति भैसकेको छ । यस विपद्ले प्रभावितहरुमा मानसिक र भावनात्मक आघात पुऱ्याएको अवस्था छ ।

आघात भन्नाले विपदजन्य घटनामा व्यक्तिले महशुश गरेका मनका पीडाहरु जसले व्यक्तिको व्यवहारमा पार्ने प्रभाव भन्ने बुझिन्छ । भावनात्मक पीडा सधैं तनावको कारण पैदा हुन्छ ।

अत्याधिक तनाव त्यसबेला उत्पन्न हुन्छ जव ठूलो विपदजन्य घटना व्यक्तिको जिन्दगीमा घट्छ। यस्ता घटना घट्दा पीडित व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक एवं सामाजिक आयामहरुमा असर गर्दछ जसले व्यवहार परिवर्तन गर्दछ । तनावपूर्ण घटनाले व्यक्तिले विभिन्न आयामहरुमा प्रतिक्रिया देखाउँछ। यी प्रतिक्रिया व्यक्ति अनुसार फरक फरक हुन्छ । व्यक्तिलाई आघात पर्दा तीन चरणमा प्रतिक्रियाहरु देखिन्छन्। यसलाई आघातको चरण पनि भनिन्छ।

**पहिलो चरण :** विपद्जन्य घटना घटे लगत्तै पहिलो चरणको प्रतिक्रिया देखिन्छ। यो अवस्था  घटना घटेदेखि केही घण्टा वा केही दिनसम्म रहन्छ ।

यो अलमल र अस्विकार को अवस्था हो । विपद्जन्य घट्ना घट्नासाथ शरिरमा र सायनिक परिवर्तन हुन्छ । मष्तिष्कले खतरा भन्ने संकेत पाउनासाथ मृगौला माथी रहेको एड्रिनल ग्रन्थीले एड्रिनालिन हर्मोन उत्पादन गर्दछ।

यसले गर्दा आँखाको नानी फुल्न थाल्छ, मुख सुक्न थाल्छ, रक्तनलि खुम्चन थाल्छ, श्वास प्रश्वास छिटो छिटो हुन थाल्छ, पेटमा गडवडी हुन थाल्छ, छिनछिनमा पिसाव फेर्न मन लाग्छ ।

एड्रिनालिन हर्मोनले अरु हर्मोन पनि उत्पादन गर्न सहयोग गर्दछ जसले गर्दा मानसिक र भावनात्मक वा संवेगात्मक आयामहरुमा पनि परिवर्तन ल्याउँछ।

अत्याधिक डर, त्रास, रिस उत्पन्न हुन थाल्छ, अत्याधिक छट्पटी हुने, कुनै प्रतिक्रिया नै जनाउन नसक्ने, केहि थाहा नपाएजस्तो हुने, घटना आफूलाई वा आफ्नो मान्छेलाई भएको भन्ने स्वीकार गर्न गाह्रो हुने, के गर्ने, के नगर्ने भनी अलमल हुने, सोचाई संकुचित हुने, परिस्थितिलाई तर्कपूर्ण ढंगले केलाएर सोच्न नसक्ने, मनमा एकपछि अर्को सोचाईहरु दौडिरहने, लामो समयसम्म धैर्य गर्न नसक्ने, भावनात्मक रुपमा पिडा धेरै भएर रुने, चिच्याउने, आत्तिने, सहयोगको लागि कराउने आदी प्रतिक्रियाहरु देखिन्छ।

विपद्जन्य घटनाले सामाजिक आयाममा पनि परिवर्तन ल्याउँछ । घट्ना घट्नुको कारणले दोष आफैमा थोपार्ने, रिसाउने, कम बोल्ने वा बोल्न झर्को मान्ने, रिसको कारणले अरुलाई वा आफैलाई हानी पुऱ्याउन खोज्ने, सराप्ने आदी पनि देखिन्छ।

यस्तो चरणमा देखिएका प्रतिक्रियाहरु सामान्यतया केही समयपछि आफै कम हुदै जान्छ ।

यो घटनाको प्रकृति, व्यक्तिगत फरक र उसले पाएको सहयोगमा भर पर्दछ। यो चरणमा एक आपसमा सहयोगको भावना हुनु अत्यन्त महत्वपूर्ण हुन्छ। यो चरणमा मनोसामाजिक सहयोग पाएको खण्डमा सहज रुपमा पहिले कै अवस्था वा सामान्य अवस्थामा फर्कन सक्षम हुन्छ।

**दोस्रो चरण :** पहिलो चरणमा मनोसामजिक सहयोग प्राप्त नगरेको अवस्थामा दोस्रो चरणमा जाने सम्भावना वढी हुन्छ। यो चरणलाई भावनात्मक प्रतिक्रिया (वेदना) को चरण पनि भनिन्छ।

विशेष गरेर भुकम्पको केही घण्टा वा केही दिन पछि घटनाका प्रत्यक्ष प्रभावितहरुमा घटनाले सृजना गरेका परिणामहरु मृत्यू, वेपत्ता, धनसम्पत्तिको नाशले विस्तारै असह्य वेदनाहरु प्रकट हुन थाल्छ ।

उनीहरु अत्याधिक भावनात्मक पीडाले गर्दा रुने, कराउने, शोकमा डुब्ने, दुखी चिन्तित हुने, अरु प्रति शंका गर्ने, चुपचाप बस्ने, घटना सम्झेर टोलाएर एकोहोरो भएर बस्ने, वा वातावरण सुरक्षित भएमा घटनाको बारेमा कुरा गर्न खोज्ने हुन्छ ।

घटनाको परिणाम बारेमा सम्झेर प्रभावित व्यक्तिहरु बढी नै भावनात्मक रुपमा विह्वल गर्दछन् जस्तै नष्ट भएको सम्पत्ति, अब के होला ? घर परिवार कसरी चलाउने आदी । यदि घटनामा धेरै आफन्त वा परिवारको सदस्यको मृत्यू भएको छ भने आफू बाँचेकोमा अभागी ठान्ने र म मात्र किन बाँचे भनेर बार म्बार दोष लगाइरहन्छन् । कसैकसैले आत्महत्याको प्रयास पनि गर्छन्।

घटनाको केही समयसम्म डराउने, डरलाग्दो सपना देख्ने, निन्द्राबाट झस्केर ब्यूँझिने, आफ्नो दैनिक क्रियाकलापहरु गर्न नसक्ने वा मन नगर्ने, निराश र चिन्तित हुन्छन् । उनीहरुलाई खान, सफासुग्घर गर्न बच्चाहरुको र खेतीपातीको हेरचाह गर्न मन लाग्दैन । घटनाको पीडा लिएर बाँच्नु पर्दाको ग्लानी महशुश हुने, आफ्नो भाग्यलाई दोष दिने वा आफूले केही गर्न सकेको भए आफ्नो मान्छेको मृत्यु हुने थिएन भनेर पश्चाताप गर्छन्।

यो वेदनाको चरणमा घटनाबाट प्रभावित व्यक्तिहरुले देखाउने प्रतिक्रियाहरु पनि व्यक्ति व्यक्ति अनुसार फरक हुन्छ भने घटनाको परिस्थिति व्यक्तिहरु वस्ने वातावरण सुरक्षित हो वा होइन, उनीहरुले पाएको सहयोग आदिमा भर पर्दछ ।  यस्तो अवस्थामा पिडितहरुको लागि मनोसामाजिक हेरचाह र मनोवैज्ञानिक परामर्शको जरुरी हुन्छ।

**तेस्रो चरण :** यो अवस्था सामान्यीकरण अवस्था हो। यो अवस्थामा घटना घटेको दुई हप्ताबाट शुरु हुन्छ, विशेष गरी दोस्रो चरणमा देखिएका भावनात्मक प्रतिक्रियाहरु यो चरणमा आउँदा विस्तारै कम हुँदै जाने र सामान्य अवस्थातिर फर्कन थाल्छ। शोकाकुल व्यक्ति विस्तारै क्षतिलाई स्विकार्न थाल्छन् । पिडित व्यक्तिले आफ्नो उत्तरदायित्व बोध गरी सामाजिक वास्तविकतामा फर्कन थाल्छ। विस्तारै आफ्नो दैनिक क्रियाकलापहरुमा व्यस्त रहन थाल्छ।

**कसरी सहयोग गर्ने ?**

भुकम्पको कारणले उत्पन्न मानसिक एवं भावनात्मक आघात सामान्यतया विर्सने भन्दा पनि समय वित्दै जाँदा पिडितहरुले त्यसलाई आफ्नो जीवनको एक घटना सम्झेर त्यसलाई एउटा इतिहासको रुपमा पछिसम्म याद गरि रहन्छन्।

निश्चय पनि मनको पिडा व्यक्त गर्न पाउँदा मन हल्का हुन्छ तर मानसिक वा भावनात्मक आघात पिडितसँग यस्ता मानसिक पीडा धेरै मात्रामा रहेका हुन्छ। त्यसैले मानसिक पीडाबाट मुक्त पार्नको लागि मनोसामाजिक सहयोग र सद्भाव दीर्घकालीन अवस्थासम्म आवश्यक हुन्छ। पीडितहरुको कुरा धैर्यका साथ सुनिदिने हो भने पनि धेरै हदसम्म मानसिक पिडाबाट मुक्त गर्न सकिन्छ।

उनीहरुलाई सरकारको तर्फ वा विभिन्न संघसंस्थाबाट उपलब्ध गराइने सुविधा र सेवासम्म पहुँच पुऱ्याइ दिनु पनि उनीहरुको भावनात्मक आघातमा मल्हम लगाइदिने सरह हन्छ।

प्रायः पिडितहरुले आफ्नै किसिमको व्यवस्थापन संयन्त्र (Defense Mechanism) अनुसार ती मानसिक वा भावनात्मक आघातलाई व्यवस्थापन गर्दै लगेको हुन्छ। जसले यसलाई व्यवस्थापन गर्न सक्दैन वा नकारात्मक रुपमा व्यवस्थापन गर्दछ उनीहरुमा दीर्घकालिन मानसिक समस्याहरु देखिन सक्छ । त्यसकारण मानसिक वा भावनात्मक आघात भएकाहरुलाई मनोवैज्ञानिक परामर्श तथा आवश्यक्ता अनुसार मनोचिकित्साको आवश्यक हुन्छ।

मनोवैज्ञानिक परामर्श तथा मनोचिकित्सामा कुनै पनि औषधी प्रयोग गरिदैन तर विभिन्न मनोवैज्ञानिक तरिकाहरु अपनाई मानसिक आघात लगायत अत्याधिक डर, त्रास र तनावलाई पनि व्यवस्थापन गरिन्छ ।

# हार्दिक श्रद्धाञ्जली

**जन्मः**
**ने.सं.१०७५**
**मार्ग षष्ठी**



**निधनः**
**ने.सं.११३५**
**तछलाथ्व अष्टमी**

**स्व. रूपा महर्जन**

हाम्रा प्यारी भतिजी **रूपा महर्जन** (की.न.पा. वडा नं.९ पाँगा हेखाली निवासी) को गत जेठ १२ गते ६० वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**श्रद्धाञ्जली अर्पण गर्नेहरुः**

**काका/काकीहरूः**
भीमलाल महर्जन/ जगतमाया महर्जन
पञ्च महर्जन/ बमनी महर्जन
/ ज्ञानी महर्जन

**फुपू :**
मुतिमाया महर्जन

मामाः
भाइ महर्जन

भाइ/बुहारीहरू
राधाकृष्ण महर्जन/नानीछोरी महर्जन
केदार महर्जन/बालकुमारी महर्जन
राजेन्द्र महर्जन/सुमित्रा महर्जन
/मीना महर्जन
विनोद महर्जन/सरीता महर्जन

**भदा/बुहारीहरू**
दिपेन्द्र महर्जन/जमूना महर्जन
विदुर महर्जन
विक्रम महर्जन
नरेन्द्र महर्जन

**भदै /ज्वाईहरू**
दिपा महर्जन/ योगेश सिंह
निलू महर्जन

**भतिजाहरु :**
मुकेश महर्जन
रजीस महर्जन
एरीज महर्जन
भतिजी/ ज्वाई
मुना महर्जन/ रमेश क्षेत्री

**नाति/नातिनीहरू**
दिपसन महर्जन
भुभिना सिंह
युभिना सिंह

**तथा समस्त महर्जन परिवार**
हेखाली, पाँगा

खेल जगत

# चर्चित युरोपियन लिग खेलहरु



–नविन महर्जन–

फुटवल विश्वकै सबभन्दा लोकप्रिय खेल हो जस अन्तर्गत विश्वकप फुटवल, अन्तर महादेशीय फुटवल, युरोकप, कोपा अमेरिकन लगायत विभिन्न देशको लिगलाई प्रमुख मानिन्छ । गत साता युरोपमा चारवटा ठुला फुटव लिग प्रतियोगिता सम्पन्न भएको छ । लिग खेलमा स्पेनमा हुने लालिगा, इङ्गल्याण्डमा हुने प्रिमियर लिग, जर्मनीमा हुने बुन्डेस लिग, इटालियन सिरि ए युरोपका चर्चित लिग प्रतियोगिताहरु हुन् ।

त्यसमध्ये सबभन्दा उत्कृष्ट लिग भनेको स्पेनिस लिग नै हो । यो लिगमा अन्तिम होडसम्म पनि प्रतिस्पर्धा भएको कारण पनि चर्चाको शिखरमा पुगेको हो । यो लिग च्याम्पियन बार्सिलोनाले दोस्रो अन्तिम खेलमा आएर उपाधि हात पार्न सफल भएको थियो । बार्सिलोना र रियलम्याड्रिड बीच निकै प्रतिस्पर्धा भैरहेकोले कसले बाजी मार्ला भनेर निकै कौतुहलता छाएको थियो तर बार्सिलोनाले लालिगा लगायत च्याम्पियनशिप ९ग्भँ८० कप समेत हात पारी क्लबस्तरमा सबभन्दा बलियो टिम हो भनेर पुष्टि गर्न सफल भएको छ । बार्सिलोना, रियल म्याड्रिडलाई बेला बेलामा एट्लेटिको मेड्रिडले तगारो हालेको देखिन्छ तर अन्तसम्म सो कायम हुन सकेन । यसपाली विशेष गरी लियानेल मेसी, नेयमार र लुइस स्वारेजको तालमेलले गर्दा निकै आकर्षक ढंगले बार्सिलोनाले आफ्नो खेल देखाउन सफल भएको छ ।

उता इङ्गल्याण्डमा जोसे माउरिन्होको चेल्सीले निकै उत्कृष्ट खेल देखाउँदै आफ्नो छवी कायम राख्न सफल भएको छ । माउरिन्होले आफ्नो परम्परागत रक्षात्मक शैलीमै चेल्सीलाई प्रिमियर लिग च्याम्पियन बनाए । यसपाली प्रिमियर लिगमा म्यान्चेस्टर सिटी दोस्रो, आर्सनल तेस्रो र म्यान्चेस्टर युनाईटेड चौथोमा चित्त बुझाउनु पर्‍यो ।

सिजनको ५-६ खेल अगाडि नै उपाधिको छिनोफानो भएको कारण जर्मन र इटालियन लिग त्यति आकर्षक हुन सकेन । जर्मन बुन्डेस लिगामा वार्यन म्युनिखले तेहोरो उपाधि हात पार्‍यो । तर दुःखको कुरो च्याम्पियन्स लिगलाई जोगाउन सकेन । त्यसैगरी इटालियन कप युभेन्टसले इटालियन सिरि ए र इटालियन कप हात पारे तर च्याम्पियन्स लिगको फाइनलमा पराजित हुन पुग्यो ।

युरोपियन लिग विश्व लिगको सबभन्दा महत्वपूर्ण हुनुको कारण यो लिगमा विश्वका सर्वोत्कृष्ट खेलाडीहरुले सहभागिता जनाई राखेको हुन्छन् जसले गर्दा खेलको स्तर अवश्य राम्रो हुन्छ । विश्वका सबभन्दा धनी क्लबहरु भएको कारणले गर्दा पनि स्टार खेलाडी भित्राउने होड यी क्लबहरु बीच हुने गर्दछन् । अरु फुटबल प्रेमीहरुलाई यी खेल हेरेर आफ्नो खेल सुधार गर्न नयाँ नयाँ ट्रीक सिक्न सहयोग हुने गर्दछन् तसर्थ यी युरोपियन लिग प्रति बढी रुची राख्ने गर्दछन् ।

दुःखको कुरो हाम्रो देशमा पहिलाभन्दा लिग खेलको विकासमा केही न केही सोच लिएर अएको देखिन्छ । यसपालिदेखि होम एण्ड आवेको आधारमा उपत्यकाको साथै मोफसलमा खेल खेलाउने गरेको थियो तर गत बैशाख १२ गतेको महाभूकम्पको कारण यसपालीको लिग खेलनै रोकिएको छ । अखिल नेपाल फुटबल संघले यसपालिको लिग खेल नै स्थगित गर्ने जानकारी गराइसकेको छ । जस्ले गर्दा फुटबल खेलको भविष्य अझ अनिश्चित बन्न पुगेको छ ।

चिनाखँ/कविता

# क्षमा पुजा

**नाति महर्जन**
ध्वोचपा, पाँगा

प्राण लेना चोन भय व त्रासे
ग्याँ ग्याँ म्वाना चोना दैवया आसे
गाँ गाँ ज

## पुनः श्रम स्वीकृति सम्बन्धि सूचना

वैदेशिक रोजगारीबाट भिषाको म्याद थप गरी आएका कामदारले पुनः रोजगारीमा जाँदा श्रम स्वीकृतिको म्याद ९० दिन (३ महिना) भन्दा कम भएमा वैदेशिक रोजगार विभागबाट पुनः श्रम स्वीकृति लिनु पर्दछ । ९० दिन (तीन महिना) भन्दा कम श्रमको म्याद भएमा एयरपोर्टबाट श्रम कक्षबाट उड्न अनुमति दिइने छैन । श्रम स्वीकृतिको म्याद समाप्त भए पश्चात कुनै भवितव्य परेमा सम्बन्धित बीमा कम्पनीबाट बीमा रकम र बोर्डबाट आर्थिक सहायता समेत पाइने छैन ।

१. भिषा सहितको पासपोर्टको फोटोकपी, आगमन (Arrival) देखिनु पर्दछ ।
२. कल्याणकारी कोषमा रु.१०००/ (एकहजार) जम्मा गरेको रसिद ।
३. कम्तिमा २ वर्षको बीमा गराएको कागजात (उमेर अनुसारको शुल्क लाग्दछ)
४. पुनः श्रम स्वीकृतिका लागि निवेदन फाराम (वैदेशिक रोजगार) विभागबाट रु.१०।-तिरी प्राप्त गर्न सकिन्छ ।

थप जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्नुहोस् वा फोन गर्नुहोस ।

वैदेशिक रोजगार विभाग
तीनकुने, काठमाण्डौं ।
फोन नं.०१-४४६१२९५/४४६१२९९
हट लाइनः- ४११२३५०
वैदेशिक रोजगार सूचना कक्ष
(त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल
०१-२०२३२१२

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
फोन नं. ०१-४१०२७११
Website: www.fepb.gov.np
आप्रवासी स्रोतकन्द्र
टोल फ्री नं. १६६००१५०००५

*www.creativeacademy.edu.np*

**ADMISSION OPEN!!!**

Creative Academy proudly announces the New Admission for the Academic Session 2072 B.S.

From Play Group to Class Six for the limited Seats.

Forms are being distributed from School Office.
(10:00 AM - 4:00 PM)

**Creative Academy**

Nayabazar, Kirtipur
Phone No : 4334123, 4336107

## भुकम्पले ओभ्रेलमा पारेको समाचार

# राजभाई जकःमिलाई लोक कवि उपाधि

पाँगामा जन्मनु भएका राजभाइ जकःमिलाई नेवाः देय् दबूले लोकप्रिय कवि राजभाइ जकःमिलाई लोक कविको उपाधि प्रदान गरिएको थियो ।

गत बैशाख ११ गते शुक्रवार परोपकार उच्च मा.वि. मा भएको कार्यक्रममा नेवाः देय् दबूका अध्यक्ष नरेश ताम्राकारको सभापतित्वमा आदिवासी जनजाति राष्ट्रिय आन्दोलनका अध्यक्ष पद्मरत्न तुलाधरको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा सभासद लक्ष्मण राजवंशी, जनकवि दुर्गालाल श्रेष्ठ, लक्ष्मीदास मानन्धर, ई.मोहन कृष्ण डंगोल, नेपाः राष्ट्रिय पार्टीका अध्यक्ष केशवमान शाक्य, पूर्व राज्यमन्त्री तीर्थराम डंगोल, डा. चुन्दा बज्राचार्य, लोकप्रिय कलाकार मदन कृष्ण श्रेष्ठ,नेवाः अर्गनाइजेशन अफ अमेरिकाको अध्यक्ष रामलाल श्रेष्ठ अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो ।

लोक कवि राजभाइ जकःमिलाई कार्यक्रमस्थलमा ल्याउँदा उहाँको निवास ख्यःक्यब देखि सांस्कृतिक बाजा यतखाको धिमे धुन्याँ र पाटन थसिको बासुरी बाजा खलःले बाजा बजाएर मरु गणेश परिक्रमा गराई ल्याइएको थियो ।

कार्यक्रमको सुरुमा ईसासको संयोजकत्वमा जकःमिले लेख्नु भएका गीतहरु गाउनु भएको थियो । गीत गाउनेहरुमा मदनकृष्ण श्रेष्ठ, वीरप्रसाद भन्सारी,गुजे मालाकार , सतिस महर्जन, रत्नशोभा महर्जन, रिता महर्जन, निशा देशार, रानीशोभा महर्जन हुनुहुन्थ्यो ।

नेवाः देय् दबुको अध्यक्ष एवं सभापति नरेश ताम्राकारले जकःमिलाई बेताली (फेटा) बाँधेर, नेवारी परम्परा अनुसार सगुन दिएर सम्मानित गरिएको थियो । प्रमुख अतिथि पद्मरत्न तुलाधरले लोक कविको पदवी प्रमाण पत्र प्रदान गर्नु भएको थियो ।

राजभाइ जकःमिले कविता पढेर जनजागरण उठाउन र पहिचानको आन्दोलनमा ठूलो योगदान पुऱ्याउनु भएको कदर गर्दै नेवाः देय् दबूले सम्मान गरेको प्रशनीय छ ।" पद्मरत्न तुलाधरले भन्नुभयो, "कवि जकःमिलाई आन्दोलनको सडकबाट आन्दोलनकारीहरुले लोककविको मान्यता दिएको भनेको जनस्तरबाट गरिएको सम्मान हो ।"

लोककवि राजभाइ जकःमिले आफूले लेखेको छ वटा कविता पाठ गर्नु भएको थियो ।

जकःमिको गुरु जनकवि दुर्गालाल श्रेष्ठले जकःमिलाई सम्मान गरिएको नै आफूलाई सम्मान गरिएको भन्ने भावको कविता पाठ गर्नु भएको थियो ।

उक्त कार्यक्रममा बीस वटा भन्दा बढी जातिय, सांस्कृतिक, साहित्यिक संघ संस्थाहरुले उहालाई लोक कवि उपाधि प्रदान गरिएकोमा सम्मान पत्र-कदर पत्र प्रदान गरिएका थिए ।


## नेपाल राष्ट्र बैंकको अनुरोध

लघुवित्त विकास बैंकहरुले महिलाहरुलाई समूहमा आबद्ध गरी बिनाधितो कर्जा प्रदान गर्दछन् । उद्यमशील एवम् इमानदार महिलाहरुले समूह बनाएर लघु कर्जा लिई आफूलाई अनुकुल हुने उद्यम गरी उन्नति पथमा अघि बढौं । सीप र जांगर छ भने भाग्य पाखुरीमा हुन्छ ।

सामूहिक जमानीमा बिना धितो कर्जा लिई उद्यम गर्नेबारे घरघरमा चर्चा गरौं ।



## भिन्न क्षमता भएका (शारीरिक कमजोरी तथा दृष्टिविहीन नागरिक)लाई प्राथमिकता दिई सहयोग गरौं

सडकमा सवारी चलाउँदा र सडक फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।

– दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।

– सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ, आकाशेपुल, सब-वे अथवा पैलिकन बत्ती वा कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।

– चोक बत्ती भएको ठाउँमा पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी चालकको सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।

– सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।

– जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभर टेक गरौं ।

– विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं ।

– पैदल यात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।

– निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने काम गरौं ।

–सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमता भन्दा बढी यात्रु/वजन नबोकौं ।

**हामी सबैले ट्राफिक नियमको पालना गरौं र गर्न लगाऔं दुर्घटनाबाट बचौं र बचाऔं ।**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**काठमाडौं उपत्यका सडक विस्तार आयोजना**
**सचेतनमार्ग**



## मेगस इङ्गलिस स्कूलको

## सार्वजनिक सूचना

२०७२ बैशाख १२ गते आएको महाभुकम्प तथा तत् पश्चात आएका पराकम्पनबाट यस विद्यालयको सम्पूर्ण भवनहरु सुरक्षित रहेको कुरा हामी हाम्रा अभिभावक, विद्यार्थी तथा शुभ चिन्तकहरुमा जानकारी गराउन चाहन्छौं । तथापि, आइरहेको पराकम्पनबाट पर्न गएको मनोवैज्ञानिक त्रासलाई मध्यनजर गर्दै नेपाल सरकारले जारी गरेको सूचना अनुसार मिति २०७२/०२/१७ गतेबाट यस विद्यालय नगाउँ स्थित बाघभैरब बैंक्विटमा नियमित समयमा सुरु भई केही दिनका लागि दिउँसो १:०० बजेसम्म मात्र संचालन हुने कुरा यसै सूचनाद्वारा जानकारी गराउँदछौं । सो अवधिमा बाल बालिकाहरुको मनोविज्ञानको अध्ययन गरी परामर्श कक्षा, खेलकुद, संगीत, नृत्य तथा विभिन्न रचनात्मक क्रियाकलापहरु गरी-गराई बालबालिकाहरुको पठनपाठनलाई सामान्यीकरण गर्दै लगिने छ। साथै, छुट्न गएका कक्षाहरु यस वर्षको गर्मी विदा, पर्व विदा जाडो विदा लगायतका अन्य सार्वजनिक विदाहरुबाट मिलान गरिने व्यवस्था मिलाईएको पनि यसै सूचनाद्वारा सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

थप जानकारीको लागि सम्पर्क नं. ९८४५५६९५९६, ४३३३५५५

**प्रिन्सिपल**
**मेगस इ. स्कूल**
**कीर्तिपुर, नयाँबजार**

## सङ्घीय स्वयम सेवक दस्ता गठन

गत जेष्ठ १७ गते सङ्घीय समाजवादी पार्टी, नेपाल अन्तर्गत कर्म महर्जनको संयोजकत्वमा ८१ सदस्यीय सङ्घीय स्वयम् सेवक दस्ता ( फेडरल भोलुन्टियर फोर्स) नेवाः प्रदेश गठन भएको छ । पार्टी केन्द्रीय कार्यालय महार ाजगञ्जमा सम्पन्न त्यस भेलका प्रमुख अतिथिमा पार्टी महासचिव राजेन्द्र श्रेष्ठ थिए । विजय शाक्य सहसंयोजक र लक्ष्मण महर्जन सचिव छन् भने दीपक राई, सुदय शिलाकार लगायतका सदस्यहरु छन् ।

पार्टीको नेवाः प्रदेशको अध्यक्ष न्हुच्छेलाल महर्जनको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि राजेन्द्र श्रेष्ठले दस्ता श्रमजीवि जनता र उत्पीडित समुदायको दुःख सुखको साथी हुनु पर्ने बताए । उनले समाजवादमा नेताभन्दा नीति प्रधान हुने र सही नीतिकै आधारमा सही नेताको जन्म हुने कुरा पनि बताए । सामन्तवादमा राजा महाराजा र पुँजीवादमा नेतालाई शक्ति ठानेकाले जनता बास्तविक रूपमा सार्वभौम हुन नसकेको हो । विनाशकारी भूकम्पपछिको नेपालको राजनीति सही दिशामा जान नसकेको महासचिव श्रेष्ठको टिप्पणी थियो ।

महासचिव राजेन्द्र श्रेष्ठले यस्तो संवेदनशील घडीमा पनि पुराना दलहरूले राष्ट्रिय सरकार को नाममा प्रधानमन्त्रीको कुर्सीलाई नै अर्जुन दृष्टि बनाएकोमा दुःख ब्यक्त गरेका थिए । त्यस्तो बेमौसमको बाजा बजाउनुको सट्टा जो जहाँ छ त्यहिँबाट निस्वार्थ रूपमा पीडित जनताको सेवा गर्नु पर्छ । राष्ट्रिय विपत्तिको यस घडीमा राष्ट्रिय पुनर्निर्माणका लागि स्वतन्त्र, स्वायत्त र अधिकार सम्पन्न विपत ब्यवस्थापन प्राधिकरण तथा व्यवस्थापिका संसदद्वारा पारित गरे अनुरूप केन्द्र, जिल्ला तथा गाउँ तहमा समेत तुरुन्त सर्वदलीय संयन्त्र गठन गरी सबै दलहरू मिलेर यस विपत्तिलाई सामना गर्ने वाताबरण बनाउन श्रेष्ठले माग गरे ।

नेवाः प्रदेशका मुख्य सचिव परिवर्तन भट्टराईले सञ्चालन तथा नेवाः प्रदेश सदस्य दिना लामाले स्वागत गरेको उक्त कार्यक्रममा पार्टी स्थायी समिति सदस्य तथा नेवाः प्रदेश इञ्चार्ज कुष्ण वहादुर घःजुले भोलुन्टियर फोर्सको औचित्यताबारे स्पष्ट पारेका थिए । कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा नेवाः प्रदेश सहइञ्चार्ज लाल वहादुर तामाङ, केन्द्रीय सदस्य तथा सङ्घीय समाजवादी महिला सङ्घका महासचिव लिला सिटौला, पार्टीका केन्द्रीय सल्लाहकार डा. महेशमान श्रेष्ठ आदिको भेलामा सहभागीता थियो ।

## चिथु विहार सामुदायिक विकास केन्द्रमा निःशुल्क स्वास्थ्य शिविर

ज्ञानबहादुर महर्जन नेवाः /

गत बैशाख १२ गते शनिवार नेपालमा गएको विनाशकारी महाभूकम्पले भौतिक एवं मानविय क्षति पुऱ्याएको थियो ।

नेपालको यस दुःखद घडीमा सहयोग गर्न विभिन्न मित्रराष्ट्रका विभिन्न क्षेत्रमा कार्यरत व्यक्ति संघ संस्थाहरुले आ-आफ्नो क्षेत्रबाट सहयोग गरेका थिए ।

यसै सन्दर्भमा किर्तिपुर चिथु बिहार सामुदायिक विकास केन्द्र, विपद ब्यबस्थापन समिति-४ को आयोजनामा NARTC को बिशेष पहलमा क्युबाबाट १२ जना स्वास्थ्यकर्मीहरुको बिशेष टोलिले पनि सहयोग गरेका छन ।

गत जेठ ११ गते कीर्तिपुरको चिथु बिहार सामुदायिक भवनमा बिहान १०:०० देखि २:३० बजेसम्म निशुल्क स्वास्थ्य शिविर संचालन भएको थियो ।

उक्त शिविरमा करिब २०० जना महिला, पुरुष, बाल तथा जेष्ठ नागरिकहरुको उपचार गरिएको थियो ।

जसअन्तर्गत फिजियो–थेरापी, जनरल फ़िजिसियेन, पत्थरी र जनरल सर्जन र बाल बिशेषज्ञ पनि रहेका थिए ।






# हार्दिक श्रद्धाञ्जली

जन्मः
ने.सं.१०७५ मार्ग
षष्ठी कृष्ण पक्ष



निधनः
ने.सं.११३५
तछलाथ्व अष्टमी

**स्व. रूपा महर्जन**

हेखाली पाँगाका समाजसेवी **रूपा महर्जन**को गत जेठ १२ गते ६० वर्षको उमेरमा असामयिक निधन हुनुभएकोले हामी मर्माहट भएका छौं । उहाँको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनले धैर्य धारण गर्न सकोस भनी समवेदना व्यक्त गर्दछौं ।

**हेखाली टोल सुधार समिति**
**हेखाली, पाँगा कीर्तिपुर-८**

# कीर्तिपुरमा भुइचालोको प्रभाव

नेवाः समुदायको आदिरपालिका भूमि काठमाण्डौं उपत्यका । उपत्यकाको काठमाण्डौंवाट दक्षिणमा पर्नें ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्वपूर्ण वस्ती हो कीर्तिपुर अर्थात किपू। कीर्तिपुरको वरिपरि रहेका विभिन्न वस्तीहरु समेत समाहित गरि कीर्तिपुर नगरपालिकाको रुपमा विकास गरेको छ । कीर्तिपुर नगरभित्र पांगा, नगाउँदेखि च्वबाहाः वस्ती सम्म रहेको छ । सांस्कृतिक रुपले मात्र नभई सम्पदाको दृष्टिकोणवाट पनि अत्यन्तै महत्वपूर्ण रहेको कीर्तिपुर नगरमा मठ मन्दिर समेत रहेको छ। जीवन्त संस्कृतिको रुपमा रहेका विभिन्न सांस्कृतिक चलन जात्रा पर्व समेत रहेका छन्।

विभिन्न समयमा विभिन्न संस्कृतिहरु मनाउँदै आफ्नै जीवन शैली रहेको नेवाः वस्ती कीर्तिपुर भित्र धेरै मात्रामा धार्मिक एवं पुरातान्विक रुपमा महत्वपूर्ण सम्पदाहरु रहेका छन । कीर्तिपुर नगरभित्रका विभिन्न वस्तीहरु मध्ये सबैभन्दा ठूलो वस्ती भनेको कीर्तिपुर अर्थात किपू हो । पृथ्वीनारायण शाहको फौजलाई समेत दुई पटक सम्म नराम्री पराजित गरेको कीर्तिपुर भनी इतिहासमा उल्लेख रहेको छ। मल्लकालमा नै राम्रो र ठूलो सहरको रुपमा विकास भइसकेको यस वस्ती अत्यन्तै महत्वपूर्ण वस्तीको रुपमा लिदै आएको छ। त्यसैगरि कीतिपुर नगर भित्र अन्य वस्तीहरु पनि रहेका छन्। ती मध्ये पांगा एक महत्वपूर्ण हो । कला संस्कृतिको दृष्टिकोणवाट पनि महत्वपूर्ण रहेको पांगामा आफ्नै किसिमको संस्कृति जात्रा पर्व रहेको छ । त्यसै गरि च्वबाहाः, नगाउँ र विभिन्न नेवाः वस्तीहरु पनि कीर्तिपुर नगरभित्र रहेका छन् । गत २०७२ साल बैशाख १२ गते आएको भुइचालोले कीर्तिपुर नगरलाई पनि नराम्रोसंग क्षति भएको छ। जनधनको क्षति भएको छ । भुकम्पले कीर्तिपुर नगरको पुरानो वस्ती कीर्तिपुरको खासीबजारमा धेरै मात्रामा घर लाई क्षति पुऱ्याएको छ । कीर्तिपुरको सबै भन्दा पुरानो बजारको रुपमा लिएको खासी बजारमा धेरै क्षति भएको छ भने अन्य स्थानमा भने अधिकांस कीर्तिपुरवासीको घर चर्केको अवस्था छ। त्यसैगरि सांस्कृतिक सम्पदाहरुमा चिलंच्वमा क्षति पुगेको छ । त्यसैगरि ल्वहं देगः र देय् पुखूको नारायणको मन्दिर चर्किएको छ । कीर्तिपुरवासीको आराध्यदेव वाघभैरव मन्दिरमा भने कुनै क्षति भएको छैन । त्यसै गरि कीर्तिपुरको सबैभन्दा अग्लो स्थान क्वाःच्वमा रहेको उमामहेश्वरको मन्दिर पनि क्षति भएको छैन । भुकम्पले कीर्तिपुर नगर भित्र रहेको ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्वपूर्ण पांगामा धेरै मात्रामा क्षति पुऱ्याएको छ । पांगामा भौतिक सम्पत्ति मात्र नभई मानविय क्षति समेत भएको छ । पांगाका अधिकांश पुराना घरहरु भत्किएको अवस्था छ। भुकम्पमा परि पांगामा मात्रै १५ जनाको निधन भएको छ । त्यसै गरि पांगामा धेरै घर भत्किएका कारण दर्जनौं स्थानीयवासी घाइते भएका छन् । धेरै मात्रामा घर भत्किएका कारण एक ढंगवाट वस्ती नै खाली जस्तो देखिन्छ। पुराना घरहरु मात्र हैन नयाँ घरहरु समेट भत्किएको छ । त्यसैले पागांका लागि बैशाख १२ गतेको भुकम्प विनासकारी बनेको छ। भुकम्पवाट निजी घर भत्किएतापनि लाछिमा रहेको नायरायणको मन्दिरमा भने कुनै क्षति भएको अवस्था छैन। त्यसै गरि नासः द्यःको घरमा पनि छाना मात्र विग्रेको अवस्था छ। कीर्तिपुर नगर भित्र नै रहेको नेवाः वस्ती नागाउँमा पनि भुकम्पले क्षति पुऱ्याएको छ। सांस्कृतिक एवं धार्मिक रुपमा पनि महत्वपूर्ण वस्ती नगाउँमा भुकम्पले घरहरु भत्काएको अवस्था छ । कीर्तिपुर नगर भित्रको अर्को वस्ती इतागोल हो । इतागोलामा पनि भुकम्पले ठूलो क्षति पुऱ्याएको छ। भुकम्पले अधिकांश पुराना घरहरु भत्किएको छ । त्यसै गरि नया नया घरहरु पनि चर्केको अवस्था छ। त्यसै गरि जलविनायक गणेस्थान तकर्चामा पनि भुइचालोले ठूलो क्षति भएको छ। सो स्थानमा पुरानोदेखि नयाँ घरहरु समेत भत्किएको अवस्था छ। तकर्चा क्षेत्रमा मात्रै १० जनाको ज्यान गएको छ। नगर क्षेत्रमा नै रहेको नेवाः वस्ती लनगोलमा पनि ठूलो क्षति भएको छ । त्यसै गरि क्वार क्षेत्रमा पनि भुइचालोले ठूलो क्षति गरेको छ । भुइचालोले कीर्तिपुरको स्याबजि गाउँमा पनि धेरै क्षति पुऱ्याएको छ । अधिकांश पुराना घरहरु भत्किएको अवस्था छ। २०७२ साल बैशाख १२ गते आएको भुकम्पले कीर्तिपुर नगर भित्र मात्रै ४१ जनाको निधन भएको छ। त्यसै गरि करिव १९ हजार घरमध्ये ३ हजार घर भत्किएको अवस्था छ । त्यसै गरि करिव ५ हजार घरभन्दा बढि आंशिक क्षति भएको छ। बैशाख १२ गतेको भुकम्पका साथ साथै त्यसपछि आएको पराकम्पले कीर्तिपुर नगरलाई ठूलो क्षति पुऱ्याएको छ। त्यसैले १२ गते कीर्तिपुर नगरका लागि विनासकारी भुकम्प बनी आयो भन्दा केहि फरक नर्पला।

# भुकम्पले दिएको सकारात्मक सोचहरु

**रुपेश श्रेष्ठ**

१. जीवनभन्दा ठूलो सम्पत्ति होइन रहेछ भन्ने चिनायो।
२. महलमा बस्ने र झुपडीमा बस्ने सबैलाई एकै ठाउँमा ल्यायो।
३. जात र धर्मलाई गलत साबित गऱ्यो।
४. छिमेक या टोलमा एक आपसमा आत्मीयता बढायो।
५. आफ्नो नजिकको आफन्तको पहिचान गरायो।
६. नेपाली नेपालीमा एकजुट हुन सिकायो।
७. नेता तथा पार्टीहरुलाई एक ठाउँमा आउन बाध्य बनायो।
८. विश्वभरका जनतालाई नेपाल चिनायो।
९. नव नेपाल निर्माणको लागि ठूलो अवसर जुटायो।
१०. वर्षौं सम्म भेट नभएका आफन्तलाई भेट गरायो।
११. आफ्नो गाउँ फर्कने अवसर जुटायो।
१२.नेता तथा कार्यकर्तालाई जनताको सेवा गर्ने मौका जुटायो।
१३. सधैं व्यस्त रहने व्यक्तिलाई लामो समयसम्म परिवारसँग रहने बनायो।
१४. जनता र सुरक्षाकर्मीबीच सामिप्य बढायो।
१५. सरकारलाई जिम्मेवारी बन्न बाध्य तुल्यायो।
१६. विश्वभर रहेका नेपाली र विदेशीको सहानुभूति र सहयोग जुटायो।
१७. विश्वका ठूला र शक्तिशाली राष्ट्रहरुलाई नव निर्माणको लागि सहयोग गर्न हौसला जगायो।
१८. सानो घर बनाउ अनि ठूलो मन बनाउ भनेर पनि सिकायो।

गुणस्तरीय निर्माण सामग्रीगरु सुपथ मुल्यमा
हाम्रा सेवाहरु
• डन्डी • बाँस • ईट्टा
• रोडा • बालुवा • सिमेन्ट
सम्पर्क :
बालकुमारी सप्लायर्स
पागा, हनुमानघाट
प्रोप्राइटर सुरेन्द्र महर्जन
फोन : ९८४३९३४५३३, ९८०३५२३७५७, ४३३५४७६



## सभासद के.सी.को नेतृत्वमा भुमिसुधारमा डेलिगेशन

गत जेठ ८ गते उपप्रधान मन्त्री प्रकाशमान सिंहको पाँगा भ्रमणको अवसरमा पाँगावासीले लालपुर्जा नपाएको भन्ने गुनासो गरेका थिए ।

सोही सम्बन्धमा छलफल गर्न क्षेत्र नं १० का सभासद र ाजन के.सि.को नेतृत्वमा गत जेठ ११ गते सोमबार भुमिसुधार मन्त्रि दलबहादुर राना कहाँ डेलिगेशन गएका थिए ।

उक्त डेलिगेशनको टोलीमा नेपाली कांग्रेस क्षेत्र नं. १० का बद्रीलाल महर्जन पुकार महर्जन, विश्वजीत महर्जन, राजेन्द्र महर्जन, विकास महर्जन, विनोद महर्जन, राजेश महर्जन लगायतको सहभागिता रहेका थिए ।

उक्त अवसरमा नेपाल सरकारका भुमिसुधार सचिव, काठमाडौं, भक्तपुर र ललितपुरका मालपोत अधिकृत, नापी प्रमुखहरु पनि उपस्थित रहेका थिए ।

सभासद राजन के.सी.ले क्षेत्र न १० अन्तर्गत कीर्तिपुर नगरपालिका वार्ड न ४, ९, १०, ११ , १२, १८ र क्षेत्र न १० का अन्य स्थानहरुमा हाल सम्म नापी-नक्शा नभएको र जग्गा धनिले लालपुर्जा नपाएको सम्बन्धमा यथासिघ्र समस्या समाधानको लागि माननीय भुमि सुधार मन्त्रिज्यु तथा सरोकार वाला निकायका पदाधिकारी संग मांग राख्नुभयो ।

उक्त क्षेत्रमा नापी भएको ६ वर्ष बितिसक्दा पनि नापी पुरा नभएको र नापी पुरा भएको ठाउँमा पनि अहिलेसम्म लालपुर्जा नपाएको गुनासो राख्दा सम्बन्धित अधिकृतहरु आश्चर्यचकित भएका थिए ।

सम्बन्धित सबैले यथासिघ्र समस्या समाधान गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

## कीर्तिपुर नगरपालिका पालमुनी चोभारमा



गत बैशाख १२ गते विनाशकारी महाभूकम्प पछि राहत माग्न आएका मानिसहरुले कीर्तिपुर नगरपालिकाका कर्मचारीहरुलाई हातपात गर्न खोजेको भन्दै सुरक्षाको लागि सशस्त्र प्रहरीको टावर भएको भवनमा नगरपालिका सरेको थियो। राहत सम्बन्धी सबै काम उतैबाट गरेको थियो । पराकम्पन केही कम भएपछि फेरि कीर्तिपुर नगरपालिकाको पुरानै भवन देवढोकामा आएको थियो ।

तर फेरि बैशाख २९ गते मंगलबार ६.९ स्केलको भूकम्प आएको बेला भवन हल्लिएको र बाहिर आउन खोज्दा असुविधा भएको भनी फेरि चोभारस्थित सशस्त्र प्रहरीको भवनबाट नगरपालिकाको काम कारवाही सुरु गरेका छन । सबै काम त्यहाँबाट गर्दा अफिस कोठा नपुगेर हो वा भुकम्पको डरले हो त्रिपाल मुनि बसेर काम गरिरहेका छन ।

अहिले पराकम्पन कम हुँदै गइरहेको र फेरि ठूलो भुकम्प जाने सम्भावना कम हुँदै गइरहेको भन्ने विज्ञहरुको भनाई बाहिर आएपछि कीर्तिपुर नगरपालिका फेरि कीर्तिपुरमै सार्न कीर्तिपुर वासीले मांग गर्न थालेका छन ।



भूकम्पबाट क्षति भएका घरहरुबाट सामान निकाल्न र सफा गर्न एकीकृत नेकपा माओवादीले आफ्ना नेता तथा कार्यकर्ताहरुलाई विभिन्न क्षेत्रमा खटाएपछि कीर्तिपुर क्षेत्रमा पंचलाल महर्जनको नेतृत्वमा पाँगा, नगाउँको थुप्रै घरको सामान निकाल्ने र बाटो सरसफाईको लागि खटिरहेको एक झलक ।







